# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड ६) छत्रदेव गाउँपालिका, मिति २०८०/०३/१८ (संख्या १**

**भाग -१**

# छत्रदेव गाउँपालिका, अर्घाखाँची

**सम्वत् २०८० सालको ऐन नं. १**

## ऐनको नाम: आ.व. २०८०/८१ को आर्थिक ऐन, २०८०

# छत्रदेव गाउँपालिका, अर्घाखाँची

## सम्वत् २०८० सालको ऐन नं. १

## ऐनको नामः आ.व. २०८०/८१ को आर्थिक ऐन, २०८०

छत्रदेव गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावनाः**

छत्रदेव गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छत्रदेव गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

२. (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन तुरुन्त गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

३. **मालपोत र घर करः** छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम मालपोत कर र अनुसूची (१) (क) बमोजिम घर कर लगाइने र असूल उपर गरिनेछ।

४. **घर जग्गा वहाल करः** छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः**छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (४) बमोजिमको जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

८. **विज्ञापन करः** छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

९. **मनोरन्जन करः** छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट/बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** छत्रदेव गाउँपालिकाले गाउँ क्षेत्रमा सरसफाई सेवा उपलब्ध गराए वापत तथा निर्माण संचालन वा व्यवस्थापन गरेका पूर्वाधार एवं उपलब्ध गराएको सेवामा अनूसूची (१०) मा उल्लेखित दरमा वार्षिक सरसफाई शुल्क तथा उल्लेखित सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **पर्यटन शुल्कः**छत्रदेव गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरु बाट अनुसूची (११) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

१४. **प्राकृतिक श्रोतको रोयल्टीः** छत्रदेव गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका प्राकृतिक श्रोत ढुङ्गा, गिट्टी, वालुवा, माटो संकलन गरी अनुसूची (१२) बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुले यस आर्थिक वर्षसम्मको वक्यौता कर २०८० साल असोज मसान्तसम्म बुझाएमा कुनै पनि किसिमको विलम्ब शुल्क लिइने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि छत्रदेव गाउँपालिकाले तोके अनुसार हुनेछ।

### अनुसूची-१ (क)
## मालपोत कर

| खेत (प्रति रोपनी) | | | | पाखो वारी (प्रति रोपनी) | | | |
|---|---|---|---|---|---|---|---|
| अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार |
| ७ | ५ | ४ | ४ | ६ | ४ | ३ | ३ |

*नोटः ५ रोपनीसम्म न्यूनतम रु.२५ र त्यस भन्दा माथिको क्षेत्रफल माथि उल्लेख गरिए बमोजिमको दर कायम हुनेछ । जस्तै ६ रोपनी अवल खेत हुने जग्गाधनीले न्यूनतम रु. २५ र एक रोपनीको ७ गरी जम्मा रु. ३२ तिर्नुपर्नेछ ।*

### अनुसूची-१ (ख)
## घर कर

| विवरण | दर | कैफियत |
|---|---|---|
| पक्की घर RCC | २०० | १ भन्दा माथि प्रति तला थप रु.१०० |
| टिन /ढुङागा छाना (दुई तला वा सो भन्दा माथि) | ७५ | |
| ढुङ्गाको छाना/टिनको छाना १ तला | ५० | |

### अनुसूची-२
## घर जग्गा वहालकर

| विवरण | दर | कैफियत |
|---|---|---|
| घर वहाल कर | १० | *वार्षिक सयकडा* |
| जग्गावहाल कर | १० | *वार्षिक सयकडा* |

## अनुसूची-३

# व्यवसाय कर

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | औषधी पसल | ५०० | |
| २ | किराना पसल | ५०० | |
| ३ | फोटो ग्राफर | ५०० | |
| ४ | डाक्टर, वकिल, लेखा परीक्षक, परामर्शदाता, सर्वेयर, इन्जिनियरिङ्ग, आदि | ५०० | |
| ५ | आयुर्वेद औषधि पसल | २०० | |
| ६ | प्लास्टिकका फर्निचर, कार्पेट तथा अन्य सजावटका सामानहरूको पसल | ५०० | |
| ७ | माछा मासु पसल (फ्रेस हाउस) | ३०० | |
| ८ | मिठाई पसल | ५०० | |
| ९ | फोटोकपि, कम्प्युटर, फ्याक्स, टेलिफोन सेवा, Exdel Service, साईवर सेवा | ५०० | |
| १० | काठ व्यवसाय (साल काठ प्रति क्यु.फिट) (स:मिल) | १०००० | |
| ११ | काठ व्यवसाय (अन्य काठप्रति क्यु.फिट) (स:मिल) | ५००० | |
| १२ | पेण्टिङ्ग व्यवसाय | २०० | |
| १३ | मोटर वा विभिन्न मेशिनरी पार्टपुर्जा आदी विक्रेता | १००० | |
| १४ | दाँत बनाउने वा उपचार केन्द्र | ५०० | |
| १५ | हेभि ईक्विपमेन्ट बस, टक, कार जिप आदि मर्मत र वर्कसप | १००० | |
| १६ | मोटरसाईकल र साइकल मर्मत | ५०० | |
| १७ | कम्प्युटर तथा भाषा प्रशिक्षण संस्थाहरू | ५०० | |
| १८ | मेशिनद्वारा हावा भर्ने पंचर बनाउने वेल्डिङ्ग समेत | ५०० | |
| १९ | रसायानिक मल बिक्रि गर्ने पसल/संस्था | ५०० | |
| २० | निर्माण सामाग्री पसल/हार्डवेयर | १००० | |
| २१ | गिट्टी, वालुवा, ढुङ्गा आदि विक्रि व्यवसाय व्यक्तिगत जग्गा | ५००० | |
| २२ | चश्मा पसल तथा मर्मत | ५०० | |
| २३ | कम्प्यूटर, फ्याक्स फोटोकपि र अन्य इलेक्टिक्स सामानहरू र सोको पार्ट पूर्जा बिक्रि तथा सप्लायर्स | १००० | |
| २४ | तयारी सिरक, डसना तकीया बनाई विक्री गर्ने तथा कार्पेट कुर्सी आदिको विक्रेता | १००० | |
| २५ | ठेक्का व्यवसाय गाउँपालिकामा केन्द्रिय कार्यालय भएको निर्माण व्यवसाय | २००० | |
| २६ | पशु औषधी, विऊ विजन, मल तथा कृषिऔजार विक्रेता (एग्रोभेट) | ५०० | |
| २७ | मदिरा एवं पेयपदार्थ बिक्रि | २००० | |
| २८ | गैर सरकारी अस्पताल स्वास्थ्य सेवा क्लिनिक समेत | १००० | |
| २९ | प्रयोगशाला (ल्याव र ल्याव्रोटरी) | ५०० | |
| ३० | केवल टि.भि. व्यवसाय | २००० | |
| ३१ | कन्सलटेन्सी व्यवसाय | १००० | |
| ३२ | प्राइभेट वोर्डिङ्ग (स्कुल निजी विद्यालय) ५ कक्षासम्म | २००० | |
| ३३ | प्राइभेट वोर्डिङ्ग (आधारभूत र मा.वि.) | ३००० | |
| ३४ | फ्रेम, सिशा, फोटो, पोष्टर पोस्टकार्ड आदि विक्रेता | ५०० | |
| ३५ | ग्यास/चुल्हो आदि मर्मत गर्ने | २०० | |
| ३६ | एफ.एम. रेडियो तथा विज्ञापन सेवा | २००० | |
| ३७ | जग्गा प्लटिङ्गको लागि मालपोत रजिष्ट्रेशन प्रयोजनको लागि कायम भएको दर रेटको | २% | |
| ३८ | जग्गा बिकास अनुमती दस्तुर प्रति रोपनी | १००० | |
| ३९ | खाने बस्ने सुविधा सहितको होटल | १००० | |
| ४० | खाने सुविधा भएका होटल र रेष्टुरेन्ट | १००० | |
| ४१ | क्रसर उद्योग | ५००० | |
| ४२ | छापाखाना | १००० | |
| ४३ | चिम्नी ईटा, साधारण ईट्टा, टायल उद्योग | ५००० | |
| ४४ | ब्लक, गमला, ह्युम पाईप उद्योग आदि | ११०० | |
| ४५ | वेकरिज, दालमोठ, विस्कुट र आइसक्रिम उद्योग, चाउमिन र चाउचाउ उद्योग | १००० | |
| ४६ | भाडा उद्योग, कलात्मक शैलि बनाउने उद्योग | १००० | |

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| ४७ | आल्मुनियम, ग्रिल तथा वेल्डिङ् उद्योग | १००० | |
| ४८ | स्टिल फर्निचर उद्योग | १५०० | |
| ४९ | तयारी पोशाक उद्योग | १५०० | |
| ५० | फर्निचर काष्ठ उद्योग (स:मिल) | ३००० | |
| ५१ | क्याटरिङ तथा टेण्ट व्यवसाय | २५०० | |
| ५२ | डिलरसीप एजेन्सी व्यवसाय कर (वितरकहरूलाई) | १०० | प्रति पटक |
| ५३ | बैंङ्किग सेवा नेपाल सरकारको पूर्ण स्वामित्व बाहेक क र ख | ७५०० | |
| ५४ | वित्तीय कम्पनि शाखा कार्यालय | ४००० | |
| ५५ | विमा संस्था/लघु वित्त शाखा | ३५०० | |
| ५६ | विदेशी मुद्रा सटही/मनी ट्रान्सफर | २००० | |
| ५७ | बैकिङ्ग कारोबार गर्ने सहकारी बैंक | २००० | |
| ५८ | वचत तथा ऋण सहकारी | १००० | |
| ५९ | विषयगत सहकारी (जस्तै कृषि) | ५०० | |

## अनुसूची-४

# जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | खोटो | ०.५ | प्रतिके.जी. |
| २ | जडिबुटी | १ | प्रतिके.जी. |
| ३ | बनकस | २०० | प्रति टयाक्टर |
| ४ | कवाडी माल(वोलकवोल) न्यूनतम | ३५४५०० | वार्षिक |
| ५ | हाड | ५ | प्रतिके.जी. |
| ६ | सिङ | ५ | प्रतिके.जी. |
| ७ | प्वाख | ५० | प्रतिके.जी. |
| ८ | छाला | २० | प्रतिगोटा |
| ९ | बास | १२०० | प्रति ट्रक |
| १० | बास | ५०० | प्रति ट्याक्टर |
| ११ | दाउरा | ५०० | प्रति ट्याक्टर |

## अनुसूची-५

# सवारी साधन कर:

| विवरण | दर | कैफियत |
|---|---|---|
| रिक्सा, अटो रिक्सा लगायतका सवारी साधन | ५०० | |

## अनुसूची-६
# विज्ञापन कर

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड तथा अन्य ठुला विद्युतीय वोर्डहरू प्रति बर्ग फिट | २५ | |
| २ | साईन बोर्ड | ५०० | |

## अनुसूची-७
# मनोरन्जन कर

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | मनोरञ्जन कर प्रति टिकट | १० | प्रतिशत |
| २ | स्थायी सिनेमा हल | २००० | |
| ३ | सर्कस र खेल चटक आदिलाई दैनिक | १००० | |
| ४ | रमाईलो मेला साँस्कृतिक कार्यक्रम आदि प्रति दिन | ५ प्रतिशत | |

## अनुसूची-८
# बहाल बिटौरी शुल्क

| | विवरण | दर | कैफियत |
|---|---|---|---|
| क्र.स | अस्थायी हाट बजार तथा घुम्ति पसल | | |
| १ | घुम्ती (मोवाइल) पसल पानी पुरी, मम्फुली, तरकारी, पाउरोटी, चिया, हजाम, पान, पसल आदि,<br>व्यापार गर्नेसग दैनिक<br>अथवा मासिक दिनेलाई | <br><br>५०<br>५०० | |
| २ | फेरीवाला भाडा, कपडा तथा किराना इजाजत प्राप्त व्यवसायलाई | १०० | दैनिक |
| ३ | विभिन्न किसिमको रेडिमेट कपडा पसल खाट वा ठेलावाला समेत सार्वजनिक स्थलमा पसल राख्ने संग<br>(क) दैनिक दिनेलाई<br>(ख) मासिक एकमुष्ट अग्रीम दिनेलाई | <br><br>५०<br>५०० | |
| ४ | पर्व मेलामा अस्थायी पसल राख्नेहरूसग | ५० | दैनिक |
| ५ | घुम्ती गाडि वाला<br>(क) दैनिक दिनेलाई<br>(ख) मासिक एकमुष्ट अग्रीम् दिनेलाई | <br>१५०<br>२००० | |
| ६ | कृषि हाट बजार/ संकलन केन्द्र देउराली | १००० | |
| ७ | सटर भाडा प्रति सटर (बरारुख पुरानो वडा कार्यालय) | ३००० | |
| ८ | गाउँपालिका सभाहल प्रयोग प्रति दिन | ३००० | |
| ९ | हल भाडा (स्वास्थ्य चौकी/ वडा कार्यालय) प्रति दिन | १००० | |
| १० | २ नं. वडाको जग्गामा बनेको टहरा नं. १ | १००० | |
| ११ | २ नं. वडाको जग्गामा बनेको टहरा नं. २ | ५०० | |

## अनुसूची-९
# पार्किङ्ग शुल्क

छत्रदेव गाउँपालिकाको क्षेत्र भित्र पार्किङ्ग स्थल तोकिए पश्चात सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत देहाय बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गर्न सकिनेछ।

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | पाकिङ्ग शुल्क बस, मिनी बस, टक र ट्याक्टर (प्रतिदिन) | ५० | |
| २ | साना सवारी साधनहरू (प्रति दिन) | ३० | |
| ३ | २ पाङ्ग्रे सवारी साधन | १० | |

## अनुसूची-१०
# सेवा शुल्क, दस्तुर, जरिवाना

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | काठको सिफारिस (प्रतिवोट) | २०० | |
| २ | भारत जाने सिफारिस | २०० | |
| ३ | नाता प्रमाणित सिफारिस | २०० | |
| ४ | पेन्सन सम्बन्धीको कुनै पनि सिफारिस | ३०० | |
| ५ | नागरिकता सिफारिस | १५० | |
| ६ | नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| ७ | नाागरिकता, लालपूर्जा तथा अन्य कुनै पनि प्रमाण पत्र आदि नाम थर फरक सिफारिस | २०० | |
| ८ | अङ्गिकृत नागरिकता (वैवाहिक) | १००० | |
| ९ | घरजग्गा नामसारी | २०० | |
| १० | जन्म मिति प्रमाणित | १५० | |
| ११ | विवाहित र अविवाहित प्रमाणित | २०० | |
| १२ | अंग्रेजी भाषाका सिफारिस तथा प्रमाणित | ५०० | |
| १३ | वसाइ सराई प्रमाणित | २०० | |
| १४ | मृत्यु प्रमाणित | १५० | |
| १५ | घर बाटो प्रमाणित | २०० | |
| १६ | संरक्षक प्रमाणित | २०० | |
| १७ | मञ्जुरीनामा प्रमाणित | २०० | |
| १८ | विपन्नता प्रमाणित | ० | नि:शुल्क |
| १९ | सम्पन्नता प्रमाणित | ५०० | |
| २० | अपाङ्गता सिफारिस | ० | नि:शुल्क |
| २१ | अस्थायी/स्थायी बसोवास सिफारिस | २०० | |
| २२ | जिवित रहेको सिफारिस | २०० | |
| २३ | नाबालक परिचयपत्र सिफारिस | २०० | |
| २४ | चौपाया सम्बन्धी सिफारिस | २०० | |
| २५ | व्यवसाय दर्ता सिफारिस | ५०० | |
| २६ | बकस पत्र सिफारिस | ५०० | |

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| २७ | अपुताली सिफारिस | २००० | |
| ३० | नयाँ कार्ड वापत (सामाजिक सुरक्षा समेतका) | ५० | |
| ३१ | सम्पती मुल्याङ्कन र आयश्रोतको प्रमाणितमा सयकडा | ०.१ | |
| ३२ | चौकिल्ला सिफारिस दस्तुर (घरजग्गाको) | ३०० | |
| ३३ | औद्यागिक प्रयोजनको लागि गरिने सिफारिस | ५०० | |
| ३४ | मिलापत्र दस्तुर दुवै पक्षबाट २५० का दरले | ५०० | |
| ३५ | वैदेशिक कामकाजको लागि प्रयोजन हुने भारत वाहेक अन्य देशमा सिफारिसमा | १००० | |
| ३६ | खानेपानी सिफारिस सामुहिक भएमा (प्रति निवेदन) | | निःशुल्क |
| ३७ | जनजाति तथा दलित प्रमाणित | १५० | |
| ३९ | बन्दकोठा, घर, पसल आदि खोल्नु पर्दा मुचुल्का वापत | ५०० | |
| ४० | कुनै पनि संघ सस्था खोल्ने इजाजत सिफारिस | ५०० | |
| ४१ | क्लव खोल्ने इजाजत/समूहदर्ता सिफारिस | ५०० | |
| ४२ | फाईनान्स बैंक तथा सटही काउन्टर आदि खोल्न सिफारिस | २५०० | |
| ४३ | कोटेशन, टेण्डर फाराम आर्थिक प्रशासन सम्वन्धी नियम, सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ । | | |
| ४४ | चारित्रिक प्रमाणपत्र तथा (चरित्र सम्बन्धी) प्रहरी र अन्य संघ-संस्थालाई सिफारिस वापत दस्तुर | ५०० | |
| ४५ | छात्रवृत्तिको लागि सिफारिस | ० | निःशुल्क |
| ४६ | नोकरी अवधि र विदाको प्रमाणित सिफारिस | २०० | |
| ४७ | **विद्यालय खोल्न स्वीकृतीको लागि सिफारीस दस्तुरः** | | |
| | क) पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति (निजिका लागि मात्र) | १००० | |
| | ख) आधारभुत तह (निजिका लागि मात्र) | २००० | |
| | ग) मा.वि. (निजिका लागि मात्र) | ३००० | |
| ४८ | वहाल करको लेखाजोखा सिफारिस | २०० | |
| ४९ | व्यापार व्यवसाय नभएको, वन्द भएको वा सञ्चालन नभएको सिफारिस | २०० | |
| ५० | पुर्जामा घर कायम सिफारिस | २०० | |
| ५१ | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिस | २०० | |
| ५२ | कित्ताकाट सिफारिस | २०० | |
| ५३ | हकवाला प्रमाणित | १५० | |
| ५४ | जग्गाको हक भोग सिफारिस | १५० | |
| ५५ | उद्योग ठाउँसारी | ५०० | |
| ५६ | विद्यालय ठाउँसारी सिफारिस | ५०० | |
| ५७ | अन्य सिफारिस | २०० | |
| ५८ | मुचुल्का (कार्यालयमा गर्दा) | २०० | |
| ५९ | मुचुल्का (स्थलगत) | ५०० | |
| ६० | सहकारी नविकरण | ५०० | |
| ६१ | कृषि समूह नविकरण | १०० | |
| ६२ | अपाङ्गता सिफारिस | निःशुल्क | |
| ६३ | सामाजिक सुरक्षा सिफारिस | निःशुल्क | |
| ६४ | लैङ्गिक हिंसा विरुद्ध उजुरी | निःशुल्क | |
| ६५ | बोका सिफारिस प्रति बोका | ५० | |
| ६६ | योजना माग सिफारिस | निःशुल्क | |

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| ६७ | योजना सम्झौता सिफारिस | नि:शुल्क | |
| ६८ | योजना खाता सञ्चालन सिफारिस | नि:शुल्क | |
| ६९ | योजना भुक्तानी सिफारिस | नि:शुल्क | |
| **आर.सी.सी. भवनको नक्शापास शुल्क** | | | |
| ७० | १००० वर्ग फिट भन्दा धेरै पक्की घर | २ | प्रतिवर्ग फिट |
| ७१ | १००० वर्ग फिट भन्दाथोरै पक्की घर | १.५ | प्रतिवर्ग फिट |
| **आर.सी.सी. बाहेकका भवनको नक्शापास शुल्क** | | | |
| ७२ | ईटा, ढुंगा, ब्लक सिमेन्टको गाह्रो टिन टाइल छाना प्रति वर्ग फिट | १ | प्रतिवर्ग फिट |
| ७३ | ईटा ढुंगाको गाह्रो माटोको जोडाई टिन, प्रति वर्ग फिट | ०.५० | |
| **सबै प्रकारका भवनमा** | | | |
| ७४ | घर मर्मत इजाजत शुल्क | ५०० | |
| ७५ | बाउण्डरी पर्खाल नक्सा पास शुल्क | ५०० | |
| ७६ | निर्माण सम्पन्न प्रमाणपत्र शुल्क | ५०० | |
| ७७ | प्राविधिक प्रतिवेदन शुल्क | १००० | |
| ७८ | अभिलेख कायम शुल्क (पक्की घर) | १००० | |
| ७९ | अभिलेख कायम शुल्क (कच्ची घर) | ५०० | |
| **व्यवसाय दर्ता तथा नविकरण दस्तुर** | | | |
| ८० | प्रत्येक व्यवसाय दर्ता तथा नविकरण दस्तुर | प्रदेश ऐन बमोजिम | |
| **दस्तुर** | | | |
| ८१ | समूह दर्ता | ५०० | |
| ८२ | ग्रेड सिट सच्चाएको | ३०० | |
| ८३ | कपी रिचेक प्रति विषय | ५०० | |
| ८४ | रिटोटलिङ् प्रति विषय | १०० | |
| ८५ | समूह दर्ता | ५०० | |
| ८६ | रोष्टरमा सुचीकृत हुन माध्यमिक | १५०० | |
| ८७ | रोष्टरमा सुचीकृत हुन निम्न माध्यमिक | १००० | |
| ८८ | रोष्टरमा सुचीकृत हुन प्राथमिक | ५०० | |
| ८९ | सुची दर्ता | १०० | |
| ९० | घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० | |
| ९१ | व्यक्तिगत घटना दर्ता अभिलेख किताब हेरेको दस्तुर | २०० | |
| ९२ | दरखास्त दस्तुर अधिकृत स्तर | १००० | |
| ९३ | दरखास्त दस्तुर सहायक स्तर | ५०० | |
| ९४ | दरखास्त दस्तुर तह विहिन | ३०० | |
| ९५ | कार्य सम्पन्न अनुभव प्रमाणपत्र | ५०० | |
| ९६ | उजुरी तथा मुद्दा दर्ता दस्तुर | २०० | |
| ९७ | व्यवसाय खारेजी दस्तुर | २०० | |
| ९८ | निवेदन फाराम | १० | |
| ९९ | अंगिकृत नागरिकताको फर्म प्रति एकमा रू. | ६० | |
| **जरिवाना** | | | |
| १०० | मालपोत विलम्ब शुल्क (पहिलो वर्ष/दोस्रो वर्ष/ तेस्रो वर्ष वा त्यसभन्दा अगाडीको वर्ष) | १०/२०/३० प्रतिशत | |
| १०१ | गिट्टी, ढुङ्गा, वालुवा अवैध उत्खनन् गरेमा प्रति ट्याक्टर | १०००० | |

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १०२ | गिट्टी, ढुङ्गा, वालुवा अवेध उत्खनन् गरेमा प्रति टिप्पर | २०००० | |
| १०३ | स्काभेटर र जेसिभी प्रयोग गरी गिट्टी, ढुङ्गा, वालुवा अवैध उत्खनन् गरेमा | ५०००० | |
| १०४ | अवैध रूख कटान गरेमा प्रति रूख | १००० | |
| १०५ | तोकिएको कर तथा शुल्क तोकिएको समयमा नबुझाएमा | तोकिएको शुल्कको २०% | |
| १०६ | -नक्सापास नगरी निर्माण सम्पन्न संरचनाको अभिलेख प्रमाणित गर्दा ५०% दण्ड जरिवाना लाग्नेछ। यस बमोजिमको जरीवाना भवन मापदण्ड लागु भए पश्चात बन्ने संरचनाको हकमा लागू हुनेछ। -एक व्यक्तिबाट अर्को व्यक्तिमा नक्सा नामसारी गर्नु परेमा नक्सापास दस्तुरको २०% लाग्नेछ। | | |
| १०७ | घटना दर्ता विलम्ब शुल्क (घटना घटेको ३५ दिन पश्चात) | २०० | |
| १०८ | अवैध बाख्रा/बोका ओसार-पसार प्रति गोटा | २०० | |
| १०९ | अवैध भैसी ओसार-पसार प्रति गोटा | १००० | |

## अनुसूची-११
# पर्यटन शुल्क

छत्रदेव गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट गाउँ कार्यपालिकाको निर्णयानुसार प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ।

## अनुसूची-१२
# प्राकृतिक स्रोतको रोयल्टी

| क्र.सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा वा स्लेट | प्रति क्यूव फिट | रु. ६।०० | प्रदेश आर्थिक ऐन, २०८० अनुसार |
| २. | भस्कट | प्रति क्यूव फिट | रु. ३।०० | |
| ३. | माटो साधारण (निजी जग्गाको समेत) | प्रति क्यूव फिट | रु. २।०० | |
| ४. | इटा पार्ने माटो (निजी जग्गाको समेत) | प्रति क्यूव फिट | रु. ३।०० | |
| ५. | दहत्तर, बहत्तर | प्रति के.जी. | रु. १।०० | |

आज्ञाले

**भेषराज पन्थ**

प्रमुख प्रशासकीय अधिकृत

**छत्रदेव गाउँपालिका**